सर्वोच्च अदालत सूचना प्रविधि महाशाखाद्वारा सञ्चामलनमा ल्याईएका विभिन्न सफ्टवयेरहरुको प्रयोगबाट निम्न बमोजिमका कार्यहरु गर्दै आएको छ :

१. सर्वोच्च अदालतको आफ्नै वेभ साईट (www.supremecourt.gov.np) प्रयोग गरिएको छ ।

२. सर्वोच्च अदालतको वेभ साईटबाट मुद्दाको दैनिक पेशि सूचि, साप्ताहिक पेशि सूचि लगाएत अदालतसंग सम्वन्धित विभिन्न सूचना तथा जानकारीहरु हेर्न मिल्ने व्यवस्था मिलाईएको छ ।

३. सर्वोच्च अदालत, पुनरावेदन अदालत, जिल्ला अदालत र विषेश अदालतहरुमा मुद्दा व्यवस्थापन सफ्टवयेर (Case Management Software) प्रयोग गरिएको छ ।

४. सर्वोच्च अदालतको वेभ साईटको माध्यमबाट तिनै तहका अदालतहरु तथा विषेश अदालतमा दर्ता भएका मुद्दाहरुको दैनिक तथा सप्ताहिक पेशि सूचि र मुद्दा वा रिटको दर्ता देखि हालसम्मको प्रकृयागत विवरणहरु हेर्न मल्ने व्यवस्था मिलाईएको छ ।

५. अनलाईन कै माध्यमबाट नजिकको पायक पर्ने अदालतबाट तारिख लिन र म्याद तामेलीको व्यवस्था गरिएको छ ।

६. मुद्दा तथा रिट दर्ता भए पश्चात दर्ता मिति, साधारण तारिख मिति, पेशी तारिख मिति र मुद्दा वा रिटमा भएको आदेस वा फैसलाको छोटकरी विवरण पक्ष वा वारेसलाई SMS को माध्यमबाट जानकारी गराउने व्यवस्था मिलाईएको छ ।

७. अदालतको प्रत्येक ईजलास अगाडिको द्वारमा TV Display को व्यवस्थापन गरी पेशी सूचि हेर्न सकिने व्यवस्था मिलाईएको छ ।

८. तिनै तहका अदालतहरु र विषेश अदालतबाट भएका फैसलाहरुको पूर्ण पाठ सर्वोच्च अदालतको वेभ साईटबाटै हेर्न मिल्ने व्यवस्था मिलाईएको छ ।

९. कैद, दण्ड, जरिवाना लागेका व्यक्तिहरुको विवरण विभिन्न न्यायिक, अर्ध न्यायिक तथा अन्य सरकारी निकायहरुलाई उपलव्ध गराउने गरिएको छ ।

१०. सर्वोच्च अदालतबाट हुने सबै फैसलाहरु नजिर हुने भएकोले २०१५ साल देखीका नजिरहरु सबैले निशुल्क वेभ साईटको माध्यमबाट हेर्न र डाउनलोड गर्न मिल्ने व्यवस्था मिलाईएको छ ।

पेशी सूचि तथा मुद्दाको प्रकृयागत विवरण हर्ने तरिका

पेशी सूचि तथा मुद्दाको प्रकृयागत विवरण हर्ने तरिका

१. सर्वोच्च अदालतको वेभ साईटमा गई सर्वोच्च अदालतको दैनिक वा साप्ताहिक पेशी सूचि हेर्न सकिन्छ ।

२. साथै सर्वोच्च अदालतको वेभ साईटमा गई जिल्ला अदालत, पुनरावेदन अदालत, विशेष अदालत र संवैधानिक अदालतहरुको दैनिक वा साप्ताहिक पेशी सूचि हेर्न सकिन्छ ।

३. सर्वोच्च अदालतको वेभ साईटमा गई सर्वोच्च अदालत,जिल्ला अदालत, पुनरावेदन अदालत, विशेष अदालत र संवैधानिक अदालतहरुमा दर्ता भएका मुद्दा तथा रिटहरुको दर्ता नं टाईप गरी खोज्नेमा क्लिक गरी मुद्दा तथा रिटहरुको प्रकृयागत विवरण हेर्न सकिन्छ ।

अदालतमा प्रयोग भएको SMS सुविधा सम्वन्धी जानकारी

१. अदालतले पठाउने SMS (Push Service)

सर्वोच्च तथा पुनरावेदन अदालतहरुमा मुद्दाका पक्षहरुलाई मुद्दा, रिट तथा निवेदन दर्ता भएको मितिको जानकारी, पेशी मितिको जानकारी र पेशीमा इजलासबाट भएका आदेश तथा फैसलाका जानकारीहरू छोटकरि रुपमा पक्षहरूले उपलब्ध गराएको मोबाइल वा इमेल ठेगानामा स्वत पुग्ने व्यवस्था मिलाइएको छ । सो लागि सम्वन्धित पक्षहरुले आआफ्नो मोबाइल नं तथा इमेल ठेगाना सम्वन्धित अदालतको मुद्दा फाँटमा उपलब्ध गराउनु पर्ने छ ।

२. पक्षहरूले जानकारी माग्ने SMS सेवा (Pull Service)

सर्वोच्च तथा पुनरावेदन अदालतहरुमा दर्ता भएका मुद्दामा मुद्दाका पक्षहरूले मुद्दाको स्थिति, मुद्दाको पेशी मिति, साधारण तारिख, मुद्दाको अवस्थाको जानकारी SMS मार्फत लिन चाहेको खण्डमा सोको जानकारी SMS मार्फत प्राप्त हुने व्यवस्था मिलाइएको छ ।

सर्वोच्च अदालतमा दर्ता भएका मुद्दा, रिट तथा निवेदनहरुमा

क. दर्ता बारे जानकारी प्राप्त गर्न
RG (Space)मुद्दा नं Type गरि 30303 मा Send गर्ने (जस्तै RG 071-WO-0002)

ख. मुद्दाको अवस्था बारे जानकारी प्राप्त गर्न
ST (Space) मुद्दा नं Type गरि 30303 मा Send गर्ने (जस्तै ST 071-WO-0002)

ग. पेसी बारे जानकारी प्राप्त गर्न
HD (Space) मुद्दा नं Type गरि 30303 मा Send गर्ने (जस्तै HD 071-WO-0002)

पुनरावेदन अदालतहरुमा दर्ता भएका मुद्दा, रिट तथा निवेदनहरुमा

क. दर्ता बारे जानकारी प्राप्त गर्न
RG (Space) रजिष्ट्रेसन नं Type गरि 30303 मा Send गर्ने (जस्तै RG 02-071-00005)

ख. मुद्दाको अवस्था बारे जानकारी प्राप्त गर्न
ST (Space) रजिष्ट्रेसन नं Type गरि 30303 मा Send गर्ने (जस्तै ST 02-071-00005)

ग. पेसी बारे जानकारी प्राप्त गर्न
HD (Space) रजिष्ट्रेसन नं Type गरि 30303 मा Send गर्ने (जस्तै HD 02-071-00005)

३. सबै जिल्ला अदालतहरुको बैतनिक वकिल तथा सेस्तेदारहरु नाम र मोवाईल नं प्राप्त गर्न सकिने (Pull Service)

LA (Space) कोड नं Type गरि 30303 मा Send गर्ने
यसमा LA भन्नाले Legal Aid जनाउछ र K01 ले काठमाडौ जिल्ला अदालतको कोड नं जनाउछ ।
(जस्तै LA K01)

जिल्ला अदालतहरुको नाम अनुसार SMS Pull Service अन्तर्गत बैतनिक वकिल र सेरेस्तेदारको नाम तथा मोवाइल नं प्राप्त गर्नको लागी निम्न बमोजिमको कोड नं. प्रयोग गर्नु पर्दछ ।

अदालतको नाम	कोड नं.	अदालतको नाम	कोड नं.
ताप्लेजुङ्ग जिल्ला अदालत	T024	स्याङजा जिल्ला अदालत	S063
पाँचथर जिल्ला अदालत	P024	तनहुँजिल्ला अदालत	T065
इलाम जिल्ला अदालत	I027	कास्की जिल्ला अदालत	K061
झापा जिल्ला अदालत	J023	मुस्ताङ जिल्ला अदालत	MU69
संखुवासभा जिल्ला अदालत	S029	म्याग्दी जिल्ला अदालत	MY69
तेह्रथुम जिल्ला अदालत	T026	पर्वतजिल्ला अदालत	P067
भोजपुर जिल्ला अदालत	B029	बागलुङजिल्ला अदालत	B068
धनकुटाजिल्ला अदालत	D026	अर्घाखाँची जिल्ला अदालत	A077
मोरङ जिल्ला अदालत	M021	गुल्मी जिल्ला अदालत	G079
सुनसरी जिल्ला अदालत	S025	पाल्पा जिल्ला अदालत	P075
सोलुखुम्बु जिल्ला अदालत	S038	नवलपरासी जिल्ला अदालत	N078
ओखलढुंगा जिल्ला अदालत	O037	रुपन्देही जिल्ला अदालत	R071
खोटाङ जिल्ला अदालत	K036	कपिलवस्तु जिल्ला अदालत	K076
उदयपुर जिल्ला अदालत	U035	रुकुम जिल्ला अदालत	R088
सिरहा जिल्ला अदालत	S033	रोल्पा जिल्ला अदालत	R086
सप्तरी जिल्ला अदालत	S031	सल्यान जिल्ला अदालत	S088
रामेछाप जिल्ला अदालत	R048	प्यूठान जिल्ला अदालत	P086
सिन्धुली जिल्ला अदालत	S047	दाङ जिल्ला अदालत	D082
सर्लाही जिल्ला अदालत	S046	बाँके जिल्ला अदालत	B081
महोत्तरी जिल्ला अदालत	M044	बर्दिया जिल्ला अदालत	B084
धनुषा जिल्ला अदालत	D041	सुर्खेत जिल्ला अदालत	S083
दोलखा जिल्ला अदालत	D049	जाजरकोट जिल्ला अदालत	J089
रसुवा जिल्ला अदालत	R010	दैलेख जिल्ला अदालत	D089
काभ्रेपलाञ्चोक जिल्ला अदालत	K011	हुम्ला जिल्ला अदालत	H019
सिन्धुपाल्चोक जिल्ला अदालत	S011	जुम्ला जिल्ला अदालत	J087
धादिङ जिल्ला अदालत	D010	मुगु जिल्ला अदालत	M019
नुवाकोट जिल्ला अदालत	N010	कालिकोट जिल्ला अदालत	K087
काठमाडौं जिल्ला अदालत	K01	डोल्पा जिल्ला अदालत	D087
भक्तपुर जिल्ला अदालत	B01	बझाङ जिल्ला अदालत	B092
ललितपुर जिल्ला अदालत	L01	बाजुरा जिल्ला अदालत	B097
मकवानपुर जिल्ला अदालत	M057	अछाम जिल्ला अदालत	A097
चितवनजिल्ला अदालत	C056	डोटी जिल्ला अदालत	D094
बारा जिल्ला अदालत	B053	कैलाली जिल्ला अदालत	K091
पर्सा जिल्ला अदालत	P051	दार्चुला जिल्ला अदालत	D093
रौतहट जिल्ला अदालत	R055	बैतडी जिल्ला अदालत	B095
मनाङ जिल्ला अदालत	M066	डडेल्धुरा जिल्ला अदालत	D096
गोरखा जिल्ला अदालत	G064	कन्चनपुर जिल्ला अदालत	K099
लमजुङ जिल्ला अदालत	L066		

न्यायपालिकामा सूचना प्रविधिको प्रयोग बारे जानकारी २०७२

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

सर्वोच्च अदालत
रामशाहपथ, काठमाडौं

सूचना प्रविधि महाशाखा